नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी प्रशासन शाखा 'राजपत्रांकित')

पत्र संख्याः-क.प्र.रा.प. ०७३/७४

चलानी संख्याः ३४५

मितिः २०७३/१२/०९

विषयः– अधिकार प्रत्यायोजन ।

श्री प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय (सबै)

नेपाल राजपत्र खण्ड ६६) चैत्र ८ गते, २०७३ साल (संख्या ६१ को पृष्ठ २८ मा प्रकाशित नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयको देहाय बमोजिको सूचना प्रकाशन भएकोले सो सूचना बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

"नेपाल सरकारले निजामती सेवा ऐन, २०४९ को दफा ७२ ले दिएको आधिकार प्रयोग गरी निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० ले समान्य प्रशासन मन्त्रालयलाई प्रदान गरेका अधिकारहरुमध्ये जिल्ला भित्र कार्यरत नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह तथा लेखा समूह, नेपाल विविध सेवा, नेपाल ईन्जिनियरिङ सेवा र नेपाल शिक्षा सेवाका राजपत्र अनङ्कित कर्मचारीहरुलाई सोही जिल्ला भित्रका नगरपालिका, गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा काज खटाउन सक्ने अधिकार अर्को व्यवस्था नभएसम्मको लागि प्रमुख जिल्ला अधिकारीले मात्र प्रयोग गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गरिएकाे।"

साथै उक्त अधिकार प्रत्यायोजनको प्रयोग निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० को विपरित भएमा सामान्य प्रशासन मन्त्रालयले त्यस्तो काज बदर गरी त्यस्तो निर्णय गर्ने पदाधिकारीलाई प्रचलित सेवा, शर्त सम्बन्धी कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ।

(शशि कुमार लम्साल)
उपसचिव

बोधार्थ-
श्री सबै मन्त्रालय/आयोग/सचिवालय/विभाग तथा केन्द्रीय स्तरका निकायहरु ।

नेपाल सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

नेपाल सरकारले निजामती सेवा ऐन, २०४९ को दफा ७२ ले दिएको अधिकार प्रयोग गरी निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० ले सामान्य प्रशासन मन्त्रालयलाई प्रदान गरेका अधिकारहरुमध्ये जिल्लाभित्र कार्यरत नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह तथा लेखा समूह,नेपाल विविध सेवा,नेपाल इन्जिनियरिङ सेवा र नेपाल शिक्षा सेवाका राजपत्र अनङ्कित कर्मचारीहरुलाई सोही जिल्ला भित्रका नगरपालिका,गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा काज खटाउन सक्ने अधिकार अर्को व्यवस्था नभएसम्मको लागि प्रमुख जिल्ला अधिकारीले मात्र प्रयोग गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
मोहनकृष्ण सापकोटा
नेपाल सरकारको सचिव